# जिल्ला समन्वय समितिको कार्यालय

## चौतारा, सिन्धुपाल्चोक

### बागमती प्रदेश

सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको (अन्तिम /चौथो त्रैमासिक) बैशाख, जेष्ठ र असार महिनामा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

**२०८२ श्रावण**

शाखा अधिकृत

<u>विषयसूची</u>

१. जि.स.स. को स्वरूप र प्रकृति
२. जि.स.स. को काम, कर्तव्य र अधिकार
३. जि.स.स. मा रहने कर्मचारी संख्या र कार्य विवरण
४. जि.स.स. बाट प्रदान गरिने सेवा
५. जि.स.स. को शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गरिने प्रक्रिया र अधिकार
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद
११. ऐन, नियम, विनियम र निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. जि.स.स. को वेबसाइट
१५. जि..स.स. ले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण
१६. जि.स.स. ले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन
१७. जि.स.स. ले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि
१८. जि.स.स. मा परेको सूचना मग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण
१९. जि.स.स. का सुचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण
२०. थप जानकारीका लागि सम्पर्क

शाखा अधिकृत

# स्वत:प्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सुचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन्। सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरेपनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रूपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकद्वारा आ.व. ०८१/०८२ को (अन्तिम/चौथो त्रैमिक) वैशाख, जेष्ठ र असार महिनामा सम्पादित क्रियाकलापहरुको मुख्य मुख्य विवरण यस प्रकाशनमा प्रस्तुत गरिएको छ।

जिल्ला समन्वय समितिको कार्यालय,
सिन्धुपाल्चोक
चौतारा।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

# जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

## आ.व.०८१/८२ को अन्तिम/चौथो त्रैमासिक (वैशाख, जेठ र असार)

### १. जिल्ला समन्वय समितिको स्वरुप र प्रकृतिः

नेपालको संविधानको धारा २२० (१) मा भएको व्यवस्था बमोजिम जिल्लास्थित संघीय र प्रदेश कार्यालय साथै गाउँ पालिका र नगर पालिकाबीच समन्वय गर्ने, जिल्लाभित्र विकास तथा निर्माणसम्बन्धी कार्य सन्तुलनका लागि अनुगमन गर्ने कार्यका लागि जिल्ला सभाको गठन भएको हो। प्रत्येकजिल्ला सभाले जिल्ला समन्वय समितिका पदाधिकारी निर्वाचित गर्छ। जिल्ला भित्रका पालिका अध्यक्ष र प्रमुख र उपाध्यक्ष र उप प्रमुख जिल्ला सभा सदस्य हुन्छन्। ती सदस्यले गाउँ सभा वा नगर सभा सदस्य मध्येबाट एक प्रमुख, एक उपप्रमुख, कम्तीमा तीन महिला र कम्तीमा एक दलित वा अल्पसंख्यक समुदायको व्यक्तिसहित बढीमा नौ सदस्यीय जिल्ला समन्वय समिति निर्वाचित गर्दछन् । जिल्ला समन्व्रय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने गर्दछ। सिन्धुपाल्चोक जिल्ला समन्वय समितिमा प्रमुख, उप-प्रमुख र सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहेका छन् । सिन्धुपाल्चोक जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ। संघीय तथा प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रम र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि. श्रेणी) को नेतृत्वमा निजामती सेवाका स्थायी तथा सेवा करारतर्फका कर्मचारीहरु कार्यारत रहेका छन्। नेपालको संविधान २०७२ का साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

## २. जि.स.स. को काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २२० को उपधारा ७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ देखि ९६ सम्मले जिल्ला सभा तथा समन्वय समितिको काम, कर्तव्य तथा अधिकारका व्यवस्था गरेको छ। त्यस्तैगरी, बागमती प्रदेश सरकारबाट जारी "गाँउ नगर जिल्ला सभा सञ्चालन कार्यबिधि ऐन, २०७५" र जिल्ला समन्वय समितिको अन्य काम कर्तव्य र अधिकार सम्वन्धी नियमावली, २०७५ लगायतले जिल्ला समन्वय समितिको भूमिका, अधिकार, कार्यक्षेत्र तथा जिम्मेवारीलाई स्पष्ट गरेका छन्।

### नेपालको संविधान २०७२ को धारा २२० को उपधारा (७)अनुसारका कार्यहरु

- ✓ जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- ✓ विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
- ✓ जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- ✓ प्रदेश कानून बमोजिमका अन्य कामहरु गर्ने,
- ✓ जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने,

### स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ बमोजिमका कार्यहरु

- ✓ जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- ✓ जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- ✓ जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- ✓ जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

- ✓ जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- ✓ जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- ✓ जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- ✓ जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,
- ✓ आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- ✓ जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद–सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- ✓ नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

## (क) बागमती प्रदेश सरकारद्वारा जारी कानून र नियमावली बमोजिमका कार्यहरु


बागमती प्रदेश सरकारद्वारा जारी गाँउ, नगर, जिल्ला सभा सञ्चालन कार्यविधी ऐन, २०७५ को दफा ५४ र जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्वन्धी नियमावली, २०७५ को नियम ३ अनुसारका कार्यहरुका अतिरिक्त प्रदेश सरकारद्वारा जारी भएका अन्य कानूनले तोके बमोजिमका कार्यहरु ।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

## ३. जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

### क. संगठन संरचना




जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

**ख. जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका पदाधिकारीहरुको विवरण**

| सि.नं. | नामथर | पद |
|---|---|---|
| १ | बालकृष्ण श्रेष्ठ | प्रमुख |
| २ | पदमनाथ नेपाल | उपप्रमुख |
| ३ | बलराम के.सी | सदस्य(प्रवक्ता) |
| ४ | जित बहादुर कार्की | सदस्य |
| ५ | आम्बिका बस्नेत | सदस्य |
| ६ | सोममाया श्रेष्ठ | सदस्य |
| ७ | तारा नेपालि | सदस्य |
| ८ | ढकमाया सेतो कोइराला | सदस्य |
| ९ | बिक्रम तामाङ | सदस्य |

**ग. जिल्ला समन्वय समितिको कार्यालयमा कार्यरत कर्मचारीको विवरण**

| सि.नं. | कर्मचारीको नाम | पद र श्रेणी | कैफियत |
|---|---|---|---|
| १ | प्रेम प्रसाद न्यौपाने | जि.स.अ./ रा.प.द्वितिय | स्थायी |
| २ | दीपा प्रधान | शाखा अधिकृत/रा.प.तृतीय | स्थायी |
| ३ | प्रशान्त अधिकारी | इन्जिनियर/रा.प.तृतीय | स्थायी |
| ४ | विजय साह रौनियार | लेखापाल/रा.प.अनं. प्रथम | स्थायी |
| ५ | सन्जिव राई | ना.सु./रा.प.अनं. प्रथम | स्थायी |
| ६ | प्रेम दंगाल (निजि सचिवालय) | ना.सु./रा.प.अनं. प्रथम | करार |
| ७ | - | सव इन्जिनियर/ रा.प.अनं.प्रथम | रिक्त |
| ८ | - | खरिदार/ रा.प.अनं. द्वितिय | रिक्त |
| ९ | बुद्ध बहादुर घले | हलुका सवारी चालक | करार |
| १० | केशव तामाङ | हलुका सवारी चालक | करार |
| ११ | देवी प्रसाद अधिकारी | कार्यालय सहयोगी | करार |
| १२ | दिपक पुरी | कार्यालय सहयोगी | करार |
| १३ | छेवाङ तामाङ | कार्यालय सहयोगी | करार |

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल

शाखा अधिकृत

## ४. जि.स.स. बाट प्रदान गरिने सेवा

- ✓ संघीय तथा प्रदेश सरकारबाट स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन,
- ✓ जि.स.स.को मौज्दात कोषबाट सञ्चालन हुने योजनाको रकम सम्वन्धित पालिकालाई निकासा दिने,
- ✓ ढुंगाबालुवा ,गिट्टी , उत्खनन् बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड ,अनुसार अनुगमन सम्बन्धी कार्य,
- ✓ प्रचलित कानून बमोजिम सिफारिस सम्बन्धि कार्य,
- ✓ दैनिक प्रशासनिक कार्यहरु,
- ✓ विभिन्न व्याक्ति तथा निकायहरुबाट माग हुने सूचना तथा जानकारी उपलब्ध गराउने,
- ✓ नेपालको संविधान,संघीय तथा प्रदेश कानून बमोजिम जि.स.स.ले सम्पादन गर्ने भनि तोकिएका अन्य कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | जि.स.अ.प्रेम प्रसाद न्यौपाने | | कार्यालय प्रमुख |
| २. | व्यवस्थापन शाखा | शा.अ. दीपा प्रधान<br>ना.सु. सन्जिव राई<br>ले.पा. विजय साह रौनियार<br>ह.स.चा.बुद्ध बहादुर घले<br>ह.स.चा.केशव तामाङ<br>का.स.देवी प्रसाद अधिकारी<br>का.स. दिपक पुरी<br>का.स. छेवाङ तामाङ | |
| ३. | अनुगमन तथा मुल्याङ्कन शाखा | ई.प्रशान्त अधिकारी | |

...समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

- ✓ जिल्ला समन्वय समितिले प्रदान गर्ने सबै सेवा निःशुल्क रुपमा प्रदान हुने ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकार

- ✓ शाखासँग सम्वन्धित नियमित कामहरुको निर्णय सम्वन्धित शाखा प्रमुखबाट हुने ।
- ✓ शाखा प्रमुखबाट हुन नसक्ने निर्णय र कार्यालय प्रमुखबाट निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुबाट निर्णय हुने ।
- ✓ नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- ✓ कार्यालयको दैनिक कामकाज तथा सेवा प्रवाहको सम्बन्धमा भएको निर्णय सम्बन्धी उजुरी जिल्ला समन्वय अधिकारीले ।

## ९. २०८२ वैशाख १ देखि असार मसान्तसम्मको सम्पादन गरिएका क्रियाकलापहरुको त्रैमासिक विवरण

(क) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ बमोजिम वडा/पालिका बालमैत्री भएको घोषणाका लागि सिफारिस गर्न बालमैत्री स्थानीय शासन घोषणा कार्यबिधि,२०७९ को दफा २१ (४) ख. ले व्यवस्था गरेको जिल्लास्तरीय अनुगमन समितिले बलेफी गाउँपालिका वडा नं. ५ लाई बालमैत्री वडा घोषणा गर्न योग्य रहेको भनि प्रतिबेदन पेश गरेको हुँदा उल्लेखित वडालाई बालमैत्री वडा घोषणा गर्न सहमति प्रदान गरिएको ।

(ख) जिल्ला समन्वय प्रमुखको संयोजकत्वमा जिल्लास्तरिय गणतन्त्र दिवस समाहरोह समिति गठन हुने भएकाले सरोकारवालाहरुको उपस्थितिमा राष्ट्रिय कार्यक्रम अनुसार जिल्लामा गणतन्त्र दिवस भव्ययताका साथ मनाइएको ।

(ग) जिल्लास्थित स्थानीय तहहरुमा जि.स.स. को मौज्दात कोषबाट सञ्चालित योजनाहरुको विभिन्न मितिमा सम्वन्धित स्थानीय तहका जिम्मेवार पदाधिकारी र कर्मचारीहरुको समेत उपस्थितिमा ११ योजनाहरु अनुगमन गरिएको ।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

(घ) वागमती प्रदेश सरकार अन्तर्गतका जिल्लास्थित विभिन्न कार्यालयहरुबाट सञ्चालित योजनाहरु मध्ये १० वटा योजनाको अनुगमन गरिएको ।

(ङ) जिल्ला समन्वय समितिको बैठक ५ पटक बसेको ।

(च) ढुङ्गा,गिट्टी,बालुवा उत्खनन,बिक्रि तथा व्यवस्थापन सम्वन्धी (पहिलो संशोधन) मापदण्ड,२०७९ को दफा ९ को अनुगमन सम्बन्धी ब्यवस्था अनुसार नदीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक १ पटक बसेको साथै १८ क्रशर उद्योगहरुको अनुगमन गरीएको ।

(छ) स्थानीय तहको महिला तथा वालबालिका शाखाबाट सम्पादित कार्यको अनुमगन गरी प्रतिबेदन तयार गरिएको ।

(ज) जिल्ला स्थित सरकारी तथा गैह्र सरकारी निकायहरुवीच समन्वय र अन्तर्क्रिया गरिएको।

(झ) आ.व.२०८१/०८२ का लागि वागमती प्रदेश सरकारबाट स्वीकृत बार्षिक कार्यक्रमहरु मध्ये यस अवधिमा निम्न कार्यक्रमहरु कार्यान्वयन गरिएको ।

i.ज्येष्ठ नागरिक,महिलावालवालिका,अपाङ्ग,दलित लगायतका सिमान्तकृत तथा अल्पसंख्यक व्यक्तिहरुको हकहित तथा सामाजिक सुरक्षाका सम्वन्धमा अन्तर्क्रिया कार्यक्रम,

ii.ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभव हस्तान्तरण तथा ज्येष्ठ नागरिकहरुको हेरचाह, संरक्षण,सम्मान सम्वन्धी वडा अध्यक्षहरुलाई अभिमुखिकरण कार्यक्रम,

iii.संघ,प्रदेश तथा स्थानीय तहको बजेट तथा योजना कार्यान्वयन सम्वन्धमा अर्धबार्षिक समिक्षा,

iv.स्थानीय तहका पदाधिकारीहरु (दलित सदस्यहरु सहित)लाई नेतृत्व विकास र व्यवस्थापकीय सीप तथा सकारात्मक सोच प्रर्वद्धन सम्वन्धी अभिमुखिकरण कार्यक्रम,

v.स्थानीय तहमा दहत्तरबहत्तरको संकलन तथा व्यवस्थापन सम्वन्धी अध्ययन,

vi.स्थानीय तहको बेरुजु सम्परिक्षण तथा फछ्यौट सम्वन्धी अध्ययन,

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

- ✓ **कार्यालय प्रमुख:** जिल्ला समन्वय अधिकारी श्री प्रेम प्रसाद न्यौपाने
- ✓ **सूचना अधिकारी:** शाखा अधिकृत श्री दीपा प्रधान

## ११. ऐन,नियम,विनियम वा निर्देशिकाको सूची

- ✓ नेपालको संविधान,२०७२
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

- ✓ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- ✓ गाउँ,नगर,जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन,२०७४ (बागमती प्रदेश)
- ✓ जिल्ला समन्वय समितिको अन्य काम,कर्तब्य र अधिकार सम्बन्धी नियमावली,२०७४ (बागमती प्रदेश)
- ✓ वातावरण संरक्षण ऐन, २०७६
- ✓ वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश)
- ✓ ढुंगा,गिटी,बालुवा उत्खनन,विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,(पहिलो संशोधन) २०७९ (नेपाल सरकार)
- ✓ नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५ (बागमती प्रदेश)
- ✓ स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली,२०७७
- ✓ प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली,२०७८
- ✓ जिल्ला सभा सञ्चालन कार्यविधि,२०७५
- ✓ संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध ऐन,२०७७

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

| सि.नं. | विवरण | प्राप्त तथा कोषमा मौज्दात रकम | खर्च भएको रकम |
|---|---|---|---|
| १. | जि.स.स. **कार्यालयहरु**(३६५००१०५३ संघीय अनुदान) | १,८७,२३,२३९/- | १,४९,२१,१०१.२४ |
| २. | विबिध खाता (जि.स.स. मौज्दात कोष, कर्मचारी कल्याण कोष) | १९,९७,६७,४५०.४० | २,६०,५८,९२६/- |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश अनुदा(३०१०००११३) | ३५,००,०००/- | १७,१७,३१७/- |

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

## १३. तोकिए बमोजिम अन्य विवरण

- ✓ संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- ✓ विभिन्न बिषयगत समितिमा जिल्ला समन्वय समिति र कार्यालयको प्रतिनिधित्व हुने गरेको ।

## १४. जिल्ला समन्वय समितिको वेभसाईट

https://www.dccsindhupalchowk.gov.np

## १५. जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता,ऋण,अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

- ✓ यस अवधिमा कुनैपनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको ।

## १६. जिल्ला समन्वय समितिले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगती प्रतिवेदन

- ✓ नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा तोकिए बमोजिमका कार्यहरु गर्न प्रत्येक महिना जि.स.स. को नियमित बैठक र आवश्यकता अनुसार अन्य समयमा बैठक बस्ने गरेको ।
- ✓ जि.स.स.ले जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एंव संघ संस्थाको कार्यप्रगती सम्बन्धी गर्ने गरेको समिक्षाको प्रतिवेदन बागमती प्रदेशका सबै मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने गरेको ।

## १७. जिल्ला समन्वय समितिले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकीएको समयावधि –

- ✓ जिल्ला समन्वय समितिका सबै सूचनाहरु सूचना पाटी,वेभसाईट र सामाजिक सञ्जालमा हेर्न सकिने व्यवस्था रहेको ।

## १८. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

- ✓ यो अवधिमा रुकशना कपाली, ललितपुर महानगरपालिका-१६ ले लिखितरुपमा माग गरेको सूचना उपलब्ध गराइएको ।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत

१९. **जिल्ला समन्व समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएकाे भए साे काे विवरण**

✓ जिल्ला समन्वय समितिमा सबै गतिविधिहरु वेबसाइट र कार्यालयको सूचनापाटी मार्फत नियमित रुपमा अधावधिक गरी सूचना प्रवाह गर्ने गरिएको साथै जिल्ला भित्रका सम्पूर्ण विवरण समेटी जिल्ला पार्श्वचित्र (District Profile) प्रकाशन गरिएको साथै जिल्ला सुचना अभिलेख केन्द्र सञ्चालनमा रहेको ।

२०. **थप जानकारीका लागि सम्पर्क**

फोन नं. ०११-६२०३७९,०११-६२०१०२

https://www.dccsindhupalchowk.gov.np

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
चौतारा
बागमती प्रदेश, नेपाल
२०७३

शाखा अधिकृत